मिति :-२०७५।०४।१३

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित २०७५ वैशाख, जेठ र असार महिनासम्मका सूचनाहरु उपदफा (४) बमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ ।**

(क) **निकायको स्वरुप र प्रकृति** :- सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि संचार मन्त्रालयको स्थापना वि.सं. २०२८ साल साउन १ गते भएको हो । प्रशासन सुधार सम्बन्धी वि.सं. २००९ सालको प्रतिवेदनले निर्माण र संचार मन्त्रालय स्थापना गर्न सुझाव दिएअनुरुप सो मन्त्रालयको स्थापना भएको पाइन्छ। कार्य विभाजन नियमावली, २०२४ ले सूचना तथा प्रसार मन्त्रालयको व्यवस्था गरेको थियो भने सञ्चारलाई यातायात, सञ्चार र जलविद्युत मन्त्रालयमा राखेको थियो। प्रशासन सुधार आयोग, २०२५ ले सूचना र प्रसारण क्षेत्रलाई गृह, पंचायत तथा सूचना प्रशार मन्त्रालयमा बनाउन सिफारिश गरेको थियो। वि.सं. २०२६ सालमा निर्माण, सञ्चार र यातायात मन्त्रालय स्थापना भएको देखिन्छ। वि.सं. २०२८ सालमा छुट्टै सञ्चार मन्त्रालय स्थापना भएकोमा प्रशासन सुधार आयोग, २०४८ को सिफारिश बमोजिम तत्कालिन सञ्चार मन्त्रालयलाई सूचना तथा सञ्चार मन्त्रालयमा परिवर्तन गरिएको थियो। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम साविक सूचना तथा सञ्चार मन्त्रालयमा सूचना प्रविधि क्षेत्र समेत थप गरी मन्त्रालयको नाम सञ्चार तथा सूचना प्रविधि कायम गरिएको छ।


(ख) **निकायको काम, कर्तव्य र अधिकार** :- नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छन् :-

- सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँड, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोगको अनुमति, नवीकरण र नियमन,
- सूचना र सञ्चार प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान, प्रवर्द्धन र नियमन,
- माइक्रोवेभ प्रणालीको विस्तार, ब्यान्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग,
- रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्थासम्बन्धी नीति, कानून र मापदण्ड,
- राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन,
- विदेशी टेलिभिजन च्यानलको डाउनलिङ्क,
- अनलाइन मिडियासम्बन्धी नीति, कानून र मापदण्ड,
- श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिकसम्बन्धी नीति, कानून र मापदण्ड,
- सार्वजनिक प्रसारण, छापा र प्रसारण संस्थासम्बन्धी नीति, कानून र मापदण्ड,
- स्वदेशी तथा नेपालबाट प्रसारण गरिने विदेशी छापा प्रकाशनसम्बन्धी नीति, कानून र मापदण्ड,
- राष्ट्रिय विज्ञापन नीति र मापदण्ड,
- हुलाकसम्बन्धी नीति, कानून, मापदण्ड, सञ्चालन र नियमन,
- हुलाक टिकट प्रकाशन, भण्डारण तथा अभिलेख व्यवस्थापन,
- धनादेश सेवा, हुलाक बैंक र अन्तर्राष्ट्रिय डाँक लेखा व्यवस्थापन,
- चलचित्र र सिनेमा हलसम्बन्धी नीति, कानून र मापदण्ड,
- सुरक्षण मुद्रण,
- नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख,
- पत्रपत्रिकासम्बन्धी आचारसंहिता,

- भू-उपग्रहको उपयोग,
- सूचना प्रविधिको प्रवर्द्धन, राष्ट्रिय सूचना प्रविधि केन्द्र र सूचना प्रविधि पार्क,
- साइबर सुरक्षा,
- राष्ट्रिय सूचना आयोग,
- प्रेस काउन्सिल, केन्द्रीय प्रेस रजिस्ट्रार, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्ड,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवाको इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ्ग समूह सञ्चालन।

**(ग) संगठनात्मक संरचना** :-

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संगठन संरचना



घ) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :-

१। कर्मचारी संख्या

- रा.प. विशिष्ट श्रेणीः १ जना
- रा.प. प्रथम श्रेणीः ४ जना (प्रशासन-२ जना, प्राविधिक-२)
- रा.प. द्धितिय श्रेणीः १२ जना (सामान्य प्रशासन-६, प्राविधिक-४, कानून-१, लेखा-१)
- रा.प. तृतिय श्रेणीः २६ जना (सामान्य प्रशासन -१४, इन्जिनियर -५, कानून-१, लेखा १, विविध-५)
- रा.प. अनं.प्र. श्रेणीः १८ जना (सामान्य प्रशासन-११, प्राविधिक-२, विविध-४, लेखा-१)
- टाइपिष्ट वेग अनुसारः २ जना (सामान्य प्रशासन)
- भा.स.चा.: १ जना र ह.स.चा.: ७ जना
- का.स. (पाले, स्वच्छ कर्मी): १४ जना

जम्मा ८५ जना

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

दरवन्दी तेरिज (श्रेणी अनुसार)

| सि.नं. | पद | श्रेणी | सेवा | समूह उपसमूह | स्वीकृत दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट श्रेणी | नेपाल प्रशासन सेवा | | १ | १ | - | |
| २ | सह-सचिव | रा.प.प्रथम श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | २ | २ | - | |
| ३ | प्रमुख टेक्नीकल अफिसर | रा.प.प्रथम श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन ईन्जिनियरिङ्ग | १ | १ | - | |
| ४ | सह-सचिव प्रा. | रा.प.प्रथम श्रेणी | विविध | | १ | १ | - | |
| ५ | उप सचिव | रा.प.द्वितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | ६ | ६ | | |
| ६ | उप सचिव प्रा. | रा.प.द्वितीय श्रेणी | विविध | | २ | २ | | |
| ७ | उप सचिव (कानुन) | रा.प.द्वितीय श्रेणी | नेपाल न्याय सेवा/कानून | | १ | १ | - | |
| ८ | उप सचिव (लेखा) | रा.प.द्वितीय श्रेणी | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| ९ | बरिष्ठ प्राविधिक अफिसर | रा.प.द्वितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन ईन्जिनियरिङ्ग | २ | १ | १ | |

| सि.नं. | पद | श्रेणी | सेवा | समूह उपसमूह | स्वीकृत दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १० | शाखा अधिकृत | रा.प.तृतीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | १४ | १२ | २ | |
| ११ | लेखा अधिकृत | रातृतीय .प. | नेपाल प्रशासन सेवा | लेखा | १ | १ | - | |
| १२ | कानुन अधिकृत | रातृतीय .प. | न्याय | कानून | १ | - | १ | |
| १३ | कम्प्युटरसूचना / इन्जिनियर | रा.प.तृतीय श्रेणी | विविध | | ४ | - | 4 | |
| १४ | इलेक्ट्रोनिक इन्जिनियर | रा.प.तृतीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन ईन्जिनियरिङ्ग | ५ | ५ | - | |
| १५ | कमप्युटर अधिकृत | रातृतीय .प. | नेपाल विविध सेवा | | १ | १ | - | |
| १६ | नायव सुब्बा | रा.प.अनं. प्रथम श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | ११ | ११ | - | |
| १७ | लेखापाल | रा.प.अनं. प्रथम श्रेणी | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| १८ | टाइपिस्ट ना.सु. | वेग अनुसार | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | २ | २ | - | ÿ |
| १९ | इलेक्ट्रो सहायक | रा.प.अनं. प्रथम श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन ईन्जिनियरिङ्ग | २ | १ | १ | |
| २० | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम श्रेणी | नेपाल विविध सेवा | | ४ | ३ | १ | २* |
| २१ | भारी सवारी चालक | श्रेणी विहिन | | | १ | १ | - | |
| २२ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ७ | - | ६* |
| २३ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | 14 | 13 | 1 | ८* |
| | हाल कायम रहेको कूल दरवन्दी संख्या | | | | 85 | 74 | 11 | |

**ÿ–रिक्त पद माग गर्न नपाईने** *** - करार सेवाबाट पूर्ति गरिएको ।**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रस्तावित संगठन, महाशाखा शाखाहरुको कार्यविवरण

**१. प्रशासन तथा योजना महाशाखाः**

- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन र सामान्य प्रशासन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गतको जनसक्ति योजना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

- सञ्चार, सूचना, सूचना प्रविधि, दूरसञ्चार, हुलाक, मुद्रण, चलचित्र आदि सम्बन्धी वार्षिक योजना कार्यक्रम र वजेट सम्बन्धी कार्य गर्ने।
- दूरसञ्चार, हुलाक, मुद्रण सम्बन्धी नीति र कानून तर्जुमा कार्यान्वयन सम्बन्धी कार्य गर्ने।
- आवधिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्था संग सम्बन्ध, सम्पर्क, समन्वय, सहायता सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय सम्बद्ध आयोग, प्राधिकरण, संस्थान, बोर्ड, समिति आदिको समन्वय, सहजीकरण, नियमन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको आर्थिक र प्रशासन सम्बन्धी कार्य गर्ने।
- कर्मचारीहरूको कार्यविवरण सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय विषयसँग सम्बन्धीत सेवा, समूह, उपसमूहको संचालन।

**(क) प्रशासन तथा विकास सहायता समन्वय शाखाः**

- मन्त्रालय र अन्तर्गतका कर्मचारी प्रशासन र सामान्य प्रशासनसम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालयका लागि आवश्यक सामानहरूको आपूर्ति गर्ने तथा जिन्सी व्यवस्थापन गर्ने।
- मन्त्रालयका राजपत्र अनंकित र श्रेणीविहीन कर्मचारीहरूको कामसम्बन्धी आवश्यक व्यवस्था मिलाउने।
- जनसम्पर्क, सोधपुछ, गुनासो व्यवस्थापन र दर्ता चलानीको व्यवस्था मिलाउने।
- मन्त्रालयमा रहेका सरकारी सम्पत्तिको संरक्षण, मर्मत, संम्भार तथा उचित प्रयोगको व्यवस्था मिलाउने।
- संवैधानिक आयोग, संसदीय समिति, सतर्कता केन्द्र आदिबाट प्राप्त उजुरीहरूको व्यवस्थापन गर्ने।
- मन्त्रालय र अन्तर्गतका विभागहरूको जनशक्ति विकास तथा संगठनात्मक सुधारसम्बन्धी कार्य गर्ने।
- सूचना तथा सञ्चाररक्षेत्रका अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग फोकल प्वाइन्टको रूपमा सम्पर्क राखी काम गर्ने।
- अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा अन्य दातृसंस्थाबाट सहायता उपलब्धिसम्बन्धी काम मन्त्रालयका अन्य शाखासँग आवश्यक समन्वय गरी गर्ने।
- अन्तर्राष्ट्रिय क्षेत्रीय वा अन्य विदेशी संघसंस्थासँगसम्बन्धीत महाधिवेशन, सम्मेलन, गोष्ठी, सेमिनार आदिमा नेपालको सहभागीतासम्बन्धी तयारी कार्य गर्ने।
- सञ्चाहर क्षेत्रमा विभिन्न किसिमका उपलब्ध सहयोग/सहायताको विवरण तयार गरी अद्यावधिक राख्ने,।
- विभिन्न मुलुकका दूरसञ्चातर, सूचना प्रविधि, हुलाक र प्रसारणसम्बन्धी प्रशासनबाट सोधिएका विषयहरूको जानकारी र माग हुने विवरणहरू उपलब्ध गराउनेसम्बन्धी कार्य गर्ने।
- मन्त्रालयसँग सम्बन्धी सेवा, समूह, उपसमूह संचालन सम्बन्धी कार्य गर्ने।
- अन्य शाखामा नपरेको मन्त्रालय सम्बन्धी कार्य गर्ने।

**(ख) संस्थान समन्वय शाखाः**

- मन्त्रालय अन्तर्गतका सम्वद्ध विभाग, संस्थान तथा समितिहरूको समन्वय, सहजीकरण, अनुगमन, नियमन सम्बन्धी कार्य गर्ने।

- मन्त्रालय र सम्बद्ध विभाग, संस्थान, बोर्ड, प्राधिकरण, समिति, कम्पनी आदि र सम्बद्ध सेवा प्रदायकहरूका लागि आवश्यक पर्ने विदेशी मुद्रा, आयात, भन्सार तथा बिक्रीकर छुटसम्बन्धी कार्य गर्ने।
- मन्त्रालय सम्बद्ध निकायका अध्यक्ष, कार्यकारी प्रमुख, सदस्यहरूको मनोनयन, नियुक्ति, कार्यसम्पादन करार सम्बन्धी काम गर्ने।
- मन्त्रालय सम्बद्ध संस्थान, बोर्ड, प्राधिकरण, समिति, कम्पनी आदिको फोकल शाखाको रुपमा कार्य गर्ने।

**(ग) योजना अनुगमन तथा मूल्यांकन शाखाः**

- सूचना तथा सञ्चारसम्बन्धी नीति, योजना तथा कार्यक्रम, बजेट तथा स्रोत परिचालनसम्बन्धी कार्यगर्ने।
- विभिन्न योजनाहरूको प्रगति प्रतिवेदन तयार गर्ने।
- योजनाको उपलब्धिबारे तयार पारिएको प्रतिवेदनलाई नियमितरूपमा समीक्षा तथा मूल्याङ्कन गर्ने, गराउने।
- मन्त्रालय, विभाग र संस्थानबाट सञ्चालित आवधिक योजनाहरूका कार्यान्वयनको अनुगमन प्रतिवेदन गर्ने।
- विभिन्न निकायबाट प्राप्त नीतिको मस्यौदा उपर राय/प्रतिक्रिया दिने।
- सूचना तथा सञ्चार सम्बद्ध विषयको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने।
- अनुगमन मूल्याङ्कनको वार्षिक कार्ययोजना स्वीकृत गराई कार्यक्रमहरूको कार्य गर्ने।

**(घ) आर्थिक प्रशासन शाखाः**

- साधारण र विकासतर्फको अनुमानित बजेट तयार गर्ने।
- साधारण बजेटको बजेट खर्च गर्ने अख्तियारी पत्र र बजेट बाँडफाँड तयार गरी स्वीकृत गराई पठाउने।
- विकास बजेटतर्फ कार्यक्रम स्वीकृत भएपछि बजेट बाँडफाँड गर्न सहयोग पुऱ्याइ स्वीकृत कार्यक्रम बजेट बाँडफाँड एवं स्रोत व्यवस्था खुलाई अख्तियारी पठाउने।
- केन्द्रीयस्तरको अभिलेख राख्ने र आर्थिक विवरण तयार गर्ने।
- बजेट निकासा, रकमान्तर, निकासा खर्च, लेखापरीक्षण गराउने र बेरुजुफछ्र्योटसम्बन्धी कार्य गर्ने।
- राजस्व र धरौटीको अभिलेख राख्ने।
- दातृराष्ट्र/दातृसंस्थासँग भएको सम्झौताको आधारमा प्राप्त हुनुपर्ने नगद र वस्तुगत सहायता सम्बन्धी कार्य गर्ने।

**२. सञ्चार महाशाखाः**

- ➢ प्रेश र आमसञ्चार सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
- ➢ प्रेश र आमसञ्चार माध्यमहरूलाई सहयोग, समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने,
- ➢ श्रव्यदृष्य प्रशारण, विज्ञापन, चलचित्र सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नियमन सम्बन्धी कार्य गर्ने,
- ➢ सञ्चार उद्योग, चलचित्र उद्योगलाई प्रोत्साहन, छुट सुविधा सिफारिश सम्बन्धी कार्य गर्ने,
- ➢ चलचित्र जाँच र नियमन सम्बन्धी कार्य गर्ने।

**(क) श्रव्यदृष्य तथा प्रशारण शाखाः**

- चलचित्र जाँचपास र प्रदर्शनसम्बन्धी कार्य गर्ने।

- केन्द्रिय चलचित्र जाँच समितिको सचिवालयको कार्य गर्ने।
- चलचित्र प्रदर्शनसम्बन्धी संघ, संस्था, उद्योग, फर्म दर्ता गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने।
- रेडियो तथा टेलिभिजन प्रसारणसम्बन्धी कार्यहरूमा नीतिगत तथा कार्यक्रमगत समन्वय गर्ने।
- प्रशारण संस्थाहरूलाई विदेशी मुद्रा सटही सुविधा दिने।
- भन्सार महशुल कर छुट सम्बन्धी कार्य गर्ने।
- प्रशारण संस्थाबाट हुने विज्ञापन सम्बन्धी कार्य गर्ने।
- रेडियो र टेलिभिजनको प्रसारण, प्रवर्द्धन र विकास सम्बन्धी संभाव्यता अध्ययन गर्ने।
- विदेशी डकुमेन्ट्री/चलचित्र छायाँकन अनुमति दिने।

**(ख) प्रेस तथा सूचना समन्वय शाखाः**

- नेपाल सरकारको प्रेस र आमसञ्चारसम्बन्धी नीति र कार्यक्रमको तर्जुमासम्बन्धी कार्य गर्ने।
- प्रेस नीतिको कार्यान्वयनमा भएका कठिनाइहरूको अध्ययन गरी सुधारात्मक उपायहरूबारे राय दिने।
- सूचना विभागसँग समन्वय राखी प्रेस सूचनासम्बन्धी कार्य गर्ने।
- अनलाइन सञ्चार माध्यमको नियमन सम्बन्धी कार्य गर्ने।
- नेपाल सरकार र प्रेसबीच सुमधुरसम्बन्ध विकसित गर्न आवश्यक तथा सामयिक उपायहरू पत्ता लगाउने।
- नेपाल सरकारको नीति र कार्यक्रम तथा विभिन्न निकायहरूको क्रियाकलापबारे राष्ट्रिय अखण्डता, साम्प्रदायिक सद्भाव, शान्ति सुरक्षा खलल हुने गरी प्रकाशित भएका भ्रमात्मक समाचारहरूको खण्डन गराउने परिपाटीलाई विकसित गर्दै लैजाने।
- राज्यभर प्रेस सेवाको वर्तमान स्थितिको मूल्याङ्कन गरी आवश्यकता अनुसार सम्बन्धीत ऐन नियमहरूमा सुधार गर्न आवश्यक व्यवस्था मिलाउने।
- विभिन्न सूचना सामग्रीहरूको योजना, उत्पादन, प्रकाशन र वितरणसम्बन्धी नीतिका लागि रायसल्लाह दिने।
- सञ्चारको हक र सूचनाको हक सम्बन्धी कार्यमा समन्वय गर्ने।

**(ग) कानून तथा फैसला कार्यान्वयन शाखाः**

- मन्त्रालय र सम्बद्ध निकायको ऐन/नियमःनीति/कार्यविधि/गठन आदेश तर्जुमा तथा समय सापेक्ष संसोधन/परिमार्जन गर्ने।
- मन्त्रालयसँग सम्बन्धीत विषयमा निर्मित ऐन/नियम/नीति/कार्यविधि/गठनआदेशहरूमा कानूनी राय परामर्श दिने।
- विभिन्न तहका अदालतमा मन्त्रालय विरूद्ध परेका मुद्दामा लिखित जवाफ सम्बन्धी कार्य गर्ने।
- अदालतबाट भएका मन्त्रालयका सम्बद्ध फैसला कार्यान्वयन गर्ने।

**३. फ्रिक्वेन्सि व्यवस्थापन महाशाखाः**

- ITU Radio Redulation मा आधारित Spectrum व्यवस्थापनका लागि आवश्यक प्रणाली, नीति, नियम सम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रम तर्जुमा, पूनरावलोकन, रिमार्जन एवं परिस्कृत गर्ने।
- नेपालको Orbital Slot Allocation को उपयोग सम्बन्धमा ITU सँग आवश्यक समन्वय गरी Allocated Slot प्रयोगको निम्ति आवश्यक व्यवस्था गर्ने।

- राष्ट्रिय फ्रिक्वेन्सी Allocation Table तयार गर्ने र तदनुरुप Assignment, Channeling, Reforming योजनाहरू तय गर्ने।
- फ्रिक्वेन्सीको केन्द्रीय अभिलेख राख्ने।
- रेडियो ऐन, नियमको अधीनमा रही विभिन्न रेडियो सञ्चारसेवाको लागि आवश्यक पर्ने रेडियो फ्रिक्वेन्सीको इजाजत सम्बन्धी नियमन गर्ने।
- रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालयको कार्य गर्ने।
- रेडियो उपकरण तथा प्रणालीको प्राविधिक गुणस्तर, उपयुक्त प्रविधि, प्रणाली तथा परिष्कृत गर्ने।
- अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरू जस्तै ITU, ICAD, INTELSAT, APT, APSCC, ABU सँग समन्वय राखी रेडियो फ्रिक्वेन्सीहरूको प्रयोग सम्बन्धमा जानकारी गर्ने गराउने।
- रेडियो फ्रिक्वेन्सीको प्रयोगको मनिटरिङको व्यवस्था गर्ने।
- मनिटरिङ्ग स्टेसन, भ्यान लगायत पूर्वाधारको विस्तार गर्ने।
- स्थलगत निरिक्षण तथा जाँच गराउने।
- सबै प्रकारका उपलब्ध रेडियो सञ्चार एवं रेडियो प्रसारण प्रविधिहरूको अध्ययन विश्लेषण गरी सुहाउँदो प्रविधि उपयोग गर्ने व्यवस्था गर्ने।

**(क) फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखाः**

- समयानुकूल ITU Radio Regulation मा आधारित Spectrum व्यवस्थापनका लागि आवश्यक प्रणाली, नीति, नियम तथा प्रविधिसम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रम तर्जुमा, पुनरावलोकन, परिमार्जन एवं परिष्कृत गर्ने।
- नेपालको Orbital Slot Allocation को उपयोगसम्बन्धमा ITU सँग आवश्यक समन्वय गरी Allocated Slot प्रयोगको निम्ति आवश्यक व्यवस्था गर्ने।
- राष्ट्रिय फ्रिक्वेन्सी Allocation table तयार गर्ने र तदनुरूप Assignment र Channeling योजनाहरू तय गर्ने।
- राष्ट्रिय फ्रिक्वेन्सी नीति निर्धारण समितिको बैठकमा पेस गर्नुपर्ने विषयहरूको पहिचान तथा अध्ययन गर्ने।
- रेडियो सञ्चार उपकरणको आयात/निर्यात/निर्माण/उत्पादन सम्बन्धमा प्राविधिक मापदण्डको सिफारिस तथा तदनुरूप गर्न विद्यमान ऐन, नीति, नियम तथा आदेशहरूको पुनरावलोकन गरी आवश्यकतानुसार संशोधनका लागि सिफारिस गर्ने।
- रेडियो उपकरण तथा प्रणालीको प्राविधिक गुणस्तर, उपयुक्त प्रविधि, प्रणाली तथा परिष्कृत गर्ने।
- सञ्चार प्रविधिको समयानुकूल विश्वव्यापी विकासलाई अन्वेषण तथा विश्लेषण गरी मुलुकका लागि तुलनात्मकरूपले उपयोगी प्रविधि पहिचान गर्ने सिलसिलामा नेपाल दूरसञ्चार प्राधिकरणसँग समन्वय राखी काम गर्ने।
- Type Approval Requirements को मस्यौदा तयार गर्ने, तथा निवेदन फारमहरूको विकास गर्ने।

**(ख) रेडियो फ्रिक्वेन्सी अनुगमन शाखाः**

- रेडियो फ्रिक्वेन्सीको प्रयोगको मनिटरिङ तथा Assigned फ्रिक्वेन्सीहरूको प्रयोगमा बाधा भए/नभएको पहिचान गर्ने।
- फ्रिक्वेन्सी प्रयोगको दैनिक Log book तथा रजिष्टर खडा गरी फ्रिक्वेन्सी प्रयोगमा र Interference र Disturbances भए/नभएको निश्चित गर्ने।

- रेडियो मनिटरिङस्टेसन तथा Mobile रेडियो मनिटरिङ प्रणालीको दैनिक सञ्चालन, संरक्षण, संबर्द्धन, परिमार्जन, परिष्कृत, स्याहार, सम्भार तथा मर्मत गर्ने।
- इजाजत पत्रमा तोकेको स्तरअनुसार रेडियो फ्रिक्वेन्सी प्रयोग भए/नभएको जाँच गर्ने।
- फ्रिक्वेन्सीको अनधिकृत प्रयोग भएको वा स्तरअनुसार प्रयोग गरे/नगरेको पत्ता लगाउने।
- फ्रिक्वेन्सीको अधिकृत/अनधिकृत प्रयोगहरूको वार्षिक, मासिक, अर्धवार्षिक प्रतिवेदन राख्ने।
- इजाजतपत्र जारी गर्नुपूर्व सञ्चार उपकरणहरूका प्राविधिक आधारसूचकहरू जाँच गर्ने।
- Type Approval सञ्चार उपकरण तथा यन्त्र प्रणालीहरूको प्राविधिक Performance जाँच तथा प्रणालीहरूको अभिलेख राख्ने।
- समयानुकूल मनिटरिङ प्रणालीमा सुधार र विकास गर्न योजना/कार्यक्रमहरू तर्जुमा गर्ने।
- अन्तर्राष्ट्रिय रेडियो मनिटरिङसम्बन्धमा समन्वय गर्ने।
- स्थलगत निरीक्षण तथा जाँच गर्ने।
- सञ्चार उपकरण, यन्त्र प्रणालीको मनिटरिङ, जाँच गर्न Latest प्रविधिको प्रयोग तथा चयन गर्ने।
- अधीनस्थ कार्यहरूको प्रतिवेदन तयार गर्ने।
- अधीनस्थ कार्यहरूको यकिन गरी वार्षिक, कार्यक्रमहरूको योजना तथा बजेटतर्जुमा गर्ने तथा स्वीकृत योजना, कार्यक्रम तथा बजेटअनुसार कार्य सम्पन्न, कार्यान्वयन, अभिलेख राख्ने।
- तालिम सेमिनार, कार्यशाला, गोष्ठी आदिहरूका उपलब्धि, निर्णय कार्यक्रम तथा सिफारिसहरू कार्यान्वयन गर्ने।
- अधीनस्थ कार्यहरू पुनरावलोकन, मूल्याङ्कन तथा परिमार्जन गर्ने।
- रेडियो मनिटरिङसम्बन्धमा ITU ले तोकेको प्राविधिकस्तर कायम गर्ने।

**४. सूचना प्रविधि महाशाखाः**

- सूचना तथा सञ्चार प्रविधि नीतिको कार्यान्वयनको लागि सम्बन्धीत निकायहरुसँगको समन्वयमा आवश्यक कार्ययोजना तयार गर्ने र उक्त कार्ययोजनाको कार्यान्वयनको सम्बन्धीत निकायहरुलाई सहजिकरण गर्ने र प्रगति अनुगमन गर्ने।
- सूचना तथा सञ्चार प्रविधि नीतिको आवधिक रुपमा विश्लेषण गरी समयानुसार पुनरावलोक गर्न सहयोग गर्ने।
- संघीय, प्रादेशिक तथा स्थानिय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुशासन प्रदान गर्न तथा सामाजिक तथा आर्थिक गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग पुर्याउने।
- संघीय, प्रादेशिक तथा स्थानिय सरकारका सूचना प्रविधि प्रणालीहरुको मानकीकरण (Standardize) गरी अन्तरआवद्द (Interoperable) बनाउन आवश्यक मानक तथा निर्देशिका तयार गर्ने।
- साइवर सुरक्षाको स्तर वृद्दि गर्न तथा साइवर अपराध नियन्त्रण गर्नउपयुक्त नीतिगत तथा कानूनी व्यवस्थाको लागी अध्ययन गरी सिफारीस गर्ने।
- नेपालमा साइवर सुरक्षाको स्तर वृद्दि गर्न आवश्यक संरचना, पूर्वाधार तथा क्षमताको विकास गर्ने
- नेपालमा साईवर सुरक्षाको क्षेत्रमा कार्यरय संघ सँस्थाहरुलाई समन्वयन तथा अनुगमन गर्ने।
- सूचना प्रविधिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा भएका विकासमा पहुँच पुर्याई प्रविधि हस्तान्तरणलाई सहजीकरण गर्ने।
- सूचना प्रविधि सम्बन्धमा अध्ययन अनुसन्धान केन्द्रको रुपमा कार्य गर्ने।

(क) **सूचना प्रविधि कार्यान्वयन तथा समन्वयन शाखाः**

- सूचना तथा सञ्चार प्रविधि नीतिमा उल्लेखीत सरोकारवाला निकायहरुको संलग्नतामा कार्यक्रमहरुको पहिचान गरी कार्ययोजना तयार गर्ने।
- e-Government, e-Commerce, Trade and Industry Promotion, e-Payment, IT Industry Promotion, e-Agriculture, e-Tourism, e-Health जस्ता क्षेत्रमा नेपालमाई उपयुक्त प्रविधिको पहिचान गरी सो प्रविधि प्रयोगको क्षमता विकास गर्ने।
- नेपाल सरकारका निकायहरुले कार्यान्वयन गर्नुपर्ने सूचना प्रविधि सम्बन्धी कार्यक्रमहरुको प्रगति बिबरण संकलन गरी सम्बन्धीत निकायमा पेश गर्ने।
- सूचना तथा सञ्चार प्रविधि नीतिको आवधिक रुपमा विश्लेषण गरी समयानुसार पुनरावलोक गर्न सहयोग गर्ने।
- संघीय, प्रादेशिक तथा स्थानिय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुशासन प्रदान गर्न तथा सामाजिक तथा आर्थिक गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग पुर्याउने।
- संघीय, प्रादेशिक तथा स्थानिय सरकारका सूचना प्रविधि प्रणालीहरुको मानकीकरण (Standardize) गरी अन्तरआवद्द (Interoperable) बनाउन आवश्यक मानक तथा निर्देशिका तयार गरी कार्यान्वयन गर्ने वा गर्न सहजीकरण गर्ने।

(ख) **साइवर सुरक्षा शाखाः**

- साइवर सुरक्षाको स्तर वृद्दि गर्न तथा साइवर अपराध नियन्त्रण गर्न उपयुक्त नीतिगत तथा कानूनी व्यवस्थाको लागी अध्ययन गरी सिफारीस गर्ने।
- नेपालमा साइवर सुरक्षा तथा सूचना सुरक्षाको लागि आवश्यक मापदण्ड तयार गरी सो मापदण्ड कार्यान्वयन गर्ने।
- नेपालमा साइवर सुरक्षाको स्तर वृद्दि गर्न आवश्यक संरचना तथा पुर्वाधारको विकास गर्ने।
- साइवर सूरक्षाको स्तर वृद्दि गर्न तथा साइवर अपराध नियन्त्रण गर्न क्षमता विकास गर्ने।
- नेपालमा साईवर सुरक्षाको क्षेत्रमा कार्यरय संघ सँस्थाहरुलाई समन्वयन तथा अनुगमन गर्ने।
- मन्त्रालयको आन्तरिक सूचना प्रविधिको व्यवस्थापन गर्ने।

ङ) **सम्पादन गरेको कामको विवरण** :-

**अ. चलचित्र र विज्ञापनहरु जाँच गरिएको** :

| **क सं** | **विषय** | **२०७५ बैशाख महिनामा** | **२०७४ पुष मसान्त सम्म** | **हालसम्मको संख्या** |
|---|---|---|---|---|
| १ | कथानक चलचित्र जाँच | | २० | २०० |
| २ | विज्ञापन चलचित्र | | १४ | ८६ |
| ३ | निशुल्क चलचित्र | | | |
| ४ | विदेशी चलचित्र छायाङ्कन अनुमति दिइएको | | ४ | ७० |
| ५. | विदेशी मुद्रा सटही सिफारिस | | १८ | १७८ |
| ६. | महोत्सवमा प्रदर्शन हुने चलचित्र जाँचको अधिकार प्रत्यायोजन | | २ | ३१२ |

## आ. विद्युतीय सञ्चारमाध्यम टेलिभिजन र एफ. एमलाई इजाजत दिएको विवरण :

| क्र सं | विषय | बैशाख महिनामा | असार मसान्तसम्म | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| १ | टेलिभिजन प्रशारण इजाजत | १ | | १२५ |
| २ | टेलिभिजन नियमित | | १ | ३७ |
| ३ | डाउनलिङ्क | | | १५८ |
| ४ | एफ् एम् सञ्चालन अनुमति इजाजत | ९ | ६ | ८८७ |
| ५ | एफ् एम् नियमित | ४ | २ | ६३३ |
| ६ | आइ पी टि भी इजाजत | | | ४ |
| ७ | केबुल प्रसारण इजाजत | | | ८५३ |
| ८ | डिजिटल केबुल प्रसारण | | १ | १२ |
| ९ | एफ् एम् डि एस् इजाजत | | | ३ |
| १० | सिग्नल वितरण इजाजत | | १ | ५८ |
| ११ | डि टि एच् इजाजत | | | २ |
| १२ | डि.टि.टि.वी. इजाजत | | | ५ |
| १३. | अन्य सञ्चार (सेटेलाइट रेडियो) | | | १० |
| १४. | अन्य सञ्चार नियमित | | | १ |
| १५. | सेटेलाइट नियमित | | | १ |
| १६. | विभिन्न प्रसारण संस्थाहरु विदेशी मुद्रा सिफारिस | भा.रु.१,५५,३९०.००<br>US Doller 61,650•00 | भा.रु.११,१०,५५६.००<br>US Doller 43,350.00 | भा.रु.१२,६५,९४६.००<br>US Doller 10,5000.00 |

## इ. देहायका कार्यहरु सम्पादन गरिएको :

१. आ.व. २०७५/७६ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको ।

२. नेपालमा सञ्चालित एफ.एम. हरुले प्रदान गरेको रोजगारी सम्बन्धमा Sample Survey को कार्य सम्पन्न गरिएको ।

३. मन्त्रालय सम्बद्ध निकायको आ.व. २०७४/७५ को कार्यक्रम संशोधन/रकमान्तर सम्बन्धी कार्य गरेको ।

४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित विषयमा परियोजना बैङ्क स्थापना गर्ने, परियोजनको लागि राष्ट्रिय सूचना केन्द्र र हुलाक टेलिसेन्टर सुदृढिकरण परियोजना प्रस्ताव स्वीकृत गरिएको ।

५. सुशासन सम्बन्धी जानकारी प्रदान गर्न जनचेतना अभिवृद्धिमूलक वृत्तचित्र निर्माण/ प्रसारण र अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिहरुलाई लक्षित भएका व्यक्तिहरुलाई लक्षित गरिएको।

६. आर्थिक वर्ष २०७५/७६ को वार्षिक कार्यक्रमको एकीकृत कार्यान्वयन कार्ययोजना तयार गरी प्रकाशन गरिएको ।

७. मन्त्रालय अन्तर्गतका निकायहरु (गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति, र नेपाल टेलिभिजन) को महत्वपूर्ण अभिलेखहरुको Digital Archive तयार गर्ने तत् निकायहरु मार्फत अगाडि बढाएको ।

८. माननीय मन्त्रीज्यूबाट व्यक्त भएको मन्त्रालय तथा अन्तर्गतका निकायहरुको १०० दिन भित्र सम्पन्न गर्ने क्रियाकलापहरुको कार्ययोजनाको पाक्षिक रुपमा प्रगति समिक्षा आयोजना गरिएको ।

९. मन्त्रालयबाट सम्पन्न भएका कार्ययोजनाको प्रगितहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य सम्बन्धित निकायहरुमा पठाइएको ।

१०. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/१/१४ को निर्णयानुसार नेपाल दूरसञ्चार प्राधिकरणलाई अर्को व्यवस्था नभए सम्मको लागि कुनै प्रकारको अनुमतिपत्र वा इजाजतपत्र वा लाईसेन्स जारी नगर्ने, दूरसञ्चार सेवा प्रदायकहरुलाई सेवा थप गर्ने, फ्रिक्वेन्सी वितरण थप गर्ने र क्षमता बृद्धि गर्ने गरी कुनै निर्णय नगर्ने, ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गर्ने, निकासा दिने, खर्च गर्ने सम्बन्धी कुनै निर्णय नगर्ने, प्राधिकरणलाई ठुलो व्ययभार पर्ने र दिर्घकालिन असर गर्ने निर्णय र सिफारिस नगर्ने निर्देशन दिइएको ।

११. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रवन्ध निर्देशक श्री कामिनी राजभण्डारीसँग सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवले ७ (सात) दिनको म्याद दिई स्पष्टीकरण माग गर्ने र सो म्याद भित्र स्पष्टीकरण पेश नगरेमा सो को जानकारी सहित नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने सम्बन्धी प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाइएको ।

१२. नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७५/१/२६ को निर्णयानुसार नेपाल टेलिभिजनको कार्यकारी अध्यक्षबाट श्री महेशराज दाहालले आफ्नो पदबाट दिनुभएको राजिनामा स्वीकृत भएको ।

१३. नेपाल सरकार (मा.मन्त्रीस्तर) मिति २०७५/१/२८ को निर्णयानुसार न्युनतम पारिश्रमिक निर्धारण समितिको रिक्त सदस्य पदम श्री दिलिपाश्री अधिकारी, श्री कुल प्रसाद गौतम र श्री राजु लामालाई नियुक्ति दिइएको ।

१४. नेपाल सरकार (मा.मन्त्रीस्तर) मिति २०७५/१/३१ को निर्णयानुसार नेपाल दूरसञ्चार प्राधिकरण सम्बन्धी छानवीन तथा सुझाव समिति गठन गरिएको । सो समितिले मिति २०७५/३/३० मा प्रतिवेदन मा. मन्त्रीज्यू समक्ष बुझाएको ।

१५. नेपाल सरकार (मा.मन्त्रीस्तर) मिति २०७५/२/४ को निर्णयानुसार गोरखापत्र संस्थानको समग्र अध्ययन एवं छानवीन गरी सुझाव एवं सिफारिस गर्न समिति गठन गरिएको । सो समितिले समेत मा.मन्त्रीज्यू समक्ष प्रतिवेदन पेश गरिसकेको ।

१६. नेपाल सरकार (मा.मन्त्रीस्तर) मिति २०७५/२/४ को निर्णयानुसार रेडियो नेपाल र नेपाल टेलिभिजनको समष्टीगत सुधार सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति गठन भएको ।

१७. नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७५/२/२७ को निर्णयानुसार नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रवन्ध निर्देशक श्री कामिनी राजभण्डारीलाई बिभिन्न बिषयमा दिइएका निर्देशन कार्यान्वयन गर्नुहुन नेपाल सरकार (मा.मन्त्रीस्तर) मिति २०७५/२/२९ को निर्णयानुसार निर्देशन दिइएको ।

१८. नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७५/२/३१ को निर्णयानुसार नेपाल दूरसञ्चार प्राधिकरणमा श्री राममणि दुवाडीलाई ५ बर्षका लागी नियुक्त गरिएको ।

१९. नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७५/२/३१ को निर्णयानुसार नेपाल टेलिभिजनको कार्यकारी अध्यक्ष पदमा डा.महेन्द्र विष्टलाई ४ बर्षको लागि नियुक्त गरिएको ।

२०. नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७५/२/३१ को निर्णयानुसार राष्ट्रिय समाचार समितिको अध्यक्ष पदमा श्री हरीहर अधिकारीलाई ४ बर्षका लागि नियुक्ति गरिएको ।

२१. नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७५/३/२० को निर्णयानुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तरगतका बिभिन्न संस्थानहरुमा मिति २०७४/५/१४ देखि २०७४/११/२ सम्म नियुक्त वा मनोनयन गरिएका बिभिन्न अध्यक्ष, कार्यकारी अध्यक्ष र सदस्यहरुलाई पदमुक्त गरिएको ।

२२. नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष र सदस्य पदमा नियुक्ति गर्न समिति गठन गर्ने सम्बन्धी र चलचित्र विकास बोर्डको रिक्त अध्यक्ष पदमा मनोनयन गर्ने सम्बन्धी प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाइएको ।

२३. सार्वजनिक सेवा प्रसारण ऐन र सूचना प्रविधि सम्बन्धी ऐनको विधेयक तर्जुमा गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट सैद्धान्ति स्वीकृति प्राप्त भएको।

२४. आमसञ्चार सम्बन्धी ऐनको विधेयक तर्जुमा गर्नको लागि सैद्धान्ति स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश भएको।

२५. नेपाल मिडिया काउन्सिल सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृतीको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालबाट सहमति प्राप्त भएको।

२६. दूरसञ्चार नियमावली , २०५४ सातौं संशोधन स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश भएको।

२७. केही नेपाल ऐन संशोधन विधेयकमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को संशोधन समावेश गरिदिनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०७५।३।१४ मा अनुरोध गरी पठाइएको।

२८. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को अनुसूची संशोधनको सूचना नेपाल राजपत्रमा प्रकाशन भएको।

२९. नेपाल सरकार (मन्त्रीस्तर) मिति २०७५।०३।३१ को निर्णयानुसार पत्रकार वृति कोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ स्विकृत भई पत्रकार वृतिकोष स्थापना भएको ।

३०. विद्युतीय आमसञ्चार माध्यमहरुलाई वितरण गरिने लोक कल्याणकारी विज्ञापन वितरण सम्वन्धी कार्यविधि, २०७३ का प्रावधानहरुमा आधारित भई आ.व. २०७४/७५ मा लोककल्याणकारी विज्ञापन प्रसारण गर्न आवेदन दिई मन्त्रालयमा सूचीकृत हुन आएका प्रसारण संस्थाहरुबाट मन्त्रालयको Web Site www.mocit.gov.np मा राखिएको लोककल्याणकारी विज्ञापन Download गरी तोकिएको वर्गीकृत समय र प्रसारण समय अवधि अनुसार २०७४।१२।१५ गतेदेखि २०७५।०२।०५ गतेसम्म जम्मा ४३६ एफ.एम रेडियो र १८ वटा टेलिभिजनबाट विज्ञापन प्रसारण गरिएको ।

३१. प्रत्येक वर्ष वैशाख २४ गतेलाई राष्ट्रिय पत्रकारिता दिवस मनाउने नेपाल सरकारबाट घोषणा भए अनुसार राष्ट्रिय पत्रकारिता दिवस २०७५ मनाउने सन्दर्भमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाज्यूको अध्यक्षतामा ४१ सदस्यीय मुल समारोह गठन भई मिति २०७५।०१।२३ गते "छापा माध्यम देखि Digital Media सम्म" विषयक एक दिने गोष्ठि सञ्चालन गरिएको ।

३२. नेपाल सरकारद्वारा घोषणा गरिएको राष्ट्रिय पत्रकारिता पुरस्कार २०७४ तथा वरिष्ठ पत्रकार सम्मान २०७४ वाट पुरस्कृत एवं सम्मानित हुनुहुने वरिष्ठ पत्रकारहरुलाई सम्माननीय राष्ट्रपतिज्यूवाट मिति २०७५।०१।२४ गते विशेष समारोहमा उक्त पुरस्कार एवं सम्मान प्रदान गरिएको ।

३३. अखवार छाप्ने कागजका लागि आर्थिक ऐन २०७४ को अनूसुचि १ को दफा १५ को उपदफा २ (ध) तथा मुद्रण (प्रेस) उद्योगको प्रयोगका लागि मसीमा भन्सार छुटको लागि आर्थिक ऐन २०७४ को अनूसुचि १ को दफा १५ को उपदफा ३ (ख) को प्रावधान अनुरुप नियमानुसार भन्सार छुटको लागि सिफारिस गरिएको ।

३४. नेपाल सरकारका विभिन्न मन्त्रालयहरु, संबैधानिक आयोग, सचिवालय, कार्यालय, केन्द्रका प्रवक्ताहरुका लागि सूचना प्रवाहमा नेपाल सरकारका प्रवक्ता र यस मन्त्रालय अन्तर्गतका सूचना अधिकारीहरुको भूमिका विषयमा मिति २०७५ असार २७ गते एक दिने अन्तक्रिया कार्यक्रम सम्पन्न भएको ।

३५. नेपाल पत्रकार महासंघका विभिन्न ८ वटा जिल्ला शाखाहरुलाई भवन निर्माण अनुदान उपलब्ध गराउन रु. ४०,००,०००।– बजेट व्यवस्था भए बमोजिम सिन्धुली शाखा, इलाम शाखा, रामेछाप शाखा, कपिलवस्तु शाखा, बाँके शाखा, काभ्रेपलाञ्चोक शाखा, गुल्मी शाखा र ताप्लेजुङ्ग शाखालाई नेपाल सरकार (मन्त्रीस्तरीय) को मिति २०७५।०१।२७ मा निर्णय बमोजिम ५,००,०००।(रुपैंया पाँच लाख) का दरले भवन निर्माण अनुदान दिइएको ।

३६. सरकारी निकायहरुमा विद्युत्तीय पत्राचार (इमेल) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

३७. अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका संशोधनको सूचना नेपाल राजपत्रमा प्रकाशन भएको।

३८. विज्ञापन सम्बन्धी विधेयकको मस्यौदा सहमतिको लागि अर्थ मन्त्रालय पठाइएको।

३९. एफ.एम रेडियो र टेलिभिजनको भौगोलिक अवस्थिति नक्सा तयार गर्न GIS Equipment खरिद गरिएको ।

४०. एमेच्योर रेडियो सञ्चालन तथा परीक्षा निर्देशिका तयार गरिएको ।

४१. प्रसारण प्रयोजनका लागि रेडियो यन्त्र (एफ. एम. ट्रान्समिटर) १५ वटाको लाइसेन्स जारी गरिएको र अन्य विभिन्न प्रकारका रेडियो यन्त्रको ५० वटा लाइसेन्स जारी गरिएको ।

४२. १० विभिन्न स्थानमा रेडियो यन्त्रको स्थलगत अनुगमन गरि प्रतिवेदन पेश भएको ।

४३. लाइसेन्स जारी गर्ने, नविकरण गर्ने लगायतका रेडियो ऐन /नियमावली बमोजिमका कामहरु सूचना तथा प्रसारण विभाग, सञ्चार ग्रामबाट हुने गरि सम्पूर्ण कागजात विभागलाई हस्तान्तरण गरिएको ।

४४. प्रदेश नं. ५ र ६ मा रेडियो यन्त्र प्रयोगको अवस्थाको मनिटरिङ भ्यान प्रयोग गरि स्थलगत अनुगमन गरि प्रतिवेदन तयार गरिएको ।

४५. काठमाण्डौ र वरिपरिका जिल्लाहरुमा मनिटरिङ भ्यान प्रयोग गरि एफ.एम. रेडियो स्टेशनहरुको सञ्चालनको अवस्थाको अनुगमन गरिएको ।

४६. यस मन्त्रालयको रंग रोगन सम्झौता बमोजिम मन्त्रालय भवनमा रंग रोगन कार्य सम्पन्न गरिएको।

४७. यस आ.व. को अन्तिम अवधिमा चार पाङ्ग्रे सवारी साधन (SUV) १ थान क्याट्लग सपिङ्ग विधिबाट खरिद गरिएको ।

४८. राजश्व असुली रु. १० करोड ७५ लाख, बेरुजु फर्छ्यौट रु. १४ करोड ८१ लाख, चालु खर्च रु. ३२ करोड ५१ लाख र पुँजीगत खर्च रु. ८० लाख भएको ।

४९. सूचना प्रविधि व्यवसायसँग सम्बन्धित उद्योगी, व्यवसायी र सम्बन्धित संस्थाका प्रतिनिधिहरू समेतको सहभागितामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

५०. सूचना तथा संचार प्रविधि नीति, २०७२ कार्यान्वयनको लागि गठित निर्देशक समितिको बैठक पटक पटक सम्पन्न भएको।

५१. सूचना प्रविधि ऐन, २०७५ को मस्यौदालाई अन्तिम रूप दिने कार्य भएको।

५२. सूचना तथा सञ्चार प्रविधि समन्वय समितिको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना तयार गर्ने सम्बन्धमा छलफल भएको।

५३. मन्त्रालयको नयाँ वेवसाइट संचालनमा ल्याइएको:

क। Website निर्माण गरी VAPT (Vulnerability Assessment and Penetration Testing) गरिएको।

ख। Website का Content verify गरी नयाँ Website संचालनमा ल्याइएको।

५४.Digital Nepal सम्बन्धी कार्यक्रम:

क० मन्त्रालय र Frost & Sullivan का प्रतिनिधि बीच MOU भएको ।

ख० मन्त्रालय र Frost & Sullivan को सहकार्यमा एक दिने Digital Nepal Conference को आयोजना गरिएको।

५५. कर्मचारी संचयकोष र निजामति किताबखानाको बीच प्रत्यक्ष सूचना सम्पर्क स्थापना गर्ने :

क० कर्मचारी संचयकोष र निजामती कितावखाना बीच सूचना प्रविधि प्रणाली एकिकरण (Information System Integration) गर्न सम्भाव्यता सम्बन्धी छलफल गरिएको।

ख० कर्मचारी संचयकोष र निजामती कितावखानालाई प्रणाली एकिकरण (System Integration) गर्न सम्बन्धी MOU को ड्राफ्ट संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कर्मचारी संचयकोषलाई उपलब्ध गराइएको।

५६. वैदेशिक कार्यक्रम/तालिममा मन्त्रालय र अन्तर्गत निकायहरुबाट मनोनयन - १७ जना

५७. अन्तर्गतका निकायहरुको मनोनयन स्वीकृति र पूर्व स्वीकृति - २० जना

५८. राहदानी तथा भिषाको लागि अनुरोध - १३ जना

५९. Non Tourist Visa को लागि सिफारिश - १८ वटा

६०. On Arrival Visa को लागि सिफारिश - ३ जना

६१. वैदेशिक कार्यक्रममा हुने सहभागिताको लागि परराष्ट्र मन्त्रालयको सहमति माग गरिएको - १५ जना

६२. नेपाल टेलिभिजनको मेट्रो भवन मर्मतको सम्बन्धमा आवश्यक पर्ने

सामानहरुको भन्सार छुट हुनको लागि अर्थ मन्त्रालयमा सिफारिश गरिएको -१ वटा

६३. हेटौडामा निर्माण भएको Disaster Recovery Center (DR Center) लाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि ३ जना कोरियन विज्ञहरु लिनको लागि अर्थ मन्त्रालयको सहमति माग गरिएको -१ वटा

६४. श्रीमान सचिवज्यूको वैदेशिक भ्रमणको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको -१ वटा

६५. राष्ट्रिय सूचना आयोगको वैदेशिक अध्ययन भ्रमण कार्यक्रमको लागि आवश्यक समन्वय गरिदिनको लागि परराष्ट्र मन्त्रालयमा अनुरोध गरिएको -१ वटा

६६. Agreement between the Government of People's Republic of China and the Government of Nepal on the Boundary Management System को मस्यौदाको सम्बन्धमा गृह मन्त्रालयबाट राय माग भई आएकोमा राय उपलब्ध गराईएका -१ वटा

६७. वैदेशिक कार्यक्रममा हुने सहभागिताको लागि अर्थ मन्त्रालयको सहमति माग गरिएको -१ वटा

६८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सचिव श्री महेन्द्रमान गुरुङज्यूको पदस्थापना वारेमा मन्त्रालयसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरु APT, ITU, UPU, APPU,AIBD, ABU लाई जानकारी पठाईएको -१ वटा

(च) **सूचना अधिकारीको नाम र पद :- मुकुन्द शर्मा, उपसचिव**

(छ) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** :-

**१ ऐनहरुको सूची** :-

- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- आवश्यक सेवा सञ्चालन ऐन, २०१४
- रेडियो ऐन, २०१४,
- हुलाक ऐन, २०१९,
- चलचित्र -निर्माण प्रदर्शन तथा वितरण) ऐन, २०२६,
- सञ्चार संस्थान ऐन, २०२८,
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१४,
- प्रेस काउन्सिल ऐन, २०४८,
- राष्ट्रिय प्रसारण ऐन, २०४९,
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१,
- दूरसञ्चार ऐन, २०५३,

**२. नियमहरुको सूची** : -.

- हुलाक नियमावली, २०२०,
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९,
- छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९,
- प्रेस काउन्सिल कार्य व्यवस्था नियमावली, २०४९,
- राष्ट्रिय प्रसारण नियमावली, २०५२,
- राष्ट्रिय प्रसारण(पाँचौं संशोधन)नियमावली, २०६९,

- राष्ट्रिय प्रसारण(छैठौं संशोधन)नियमावली, २०६९,
- श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३,
- चलचित्र निर्माण प्रदर्शन तथा वितरण नियमावली, २०५७
-

३. **विनियम वा निर्देशिकाहरुको सूची** :-

- विद्युतीय सञ्चारमाध्यमलाई वितरण गरिने लोक कल्याणकारी विज्ञापन वितरण सम्वन्धी कार्यविधि, २०७३
- राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२
- द्वन्द्वपीडित पत्रकार कल्याण कोष स्थापना र सञ्चालन) निर्देशिका, २०७०
- विशिष्टिकृत क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने रेडियो/एफ.एम. रेडियोलाई अनुदान वितरण सम्वन्धी कार्यविधि, २०७३
- पत्रपत्रिकासँग सम्वन्धीत संघ संस्थाहरुलाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्वन्धी कार्यविधि, २०७३
- सुरक्षण मुद्रण विकास समिति(गठन आदेश), २०७३
- अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७४
- विज्ञापन रहित(Clean Feed) नीति, २०७३
- चलचित्र छायाँकनमा सम्पर्क अधिकृत खटाउने सम्वन्धी कार्यविधि, २०७३
- सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध पदाधिकारी र सदस्यहरुको नियुक्ति एवं मनोनयन सम्बन्धी कार्यविधि, २०७३
- एफ.एम.हरुको नवीकरण गर्ने सम्बन्धि कार्यविधि
- चलचित्र जाँच समितिको कार्यविधि, २०७४
- प्रवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३

४. **मन्त्रालय सम्वध्द निकायहरुको सूचि** :-

- सूचना तथा प्रसारण विभाग,सञ्चारग्राम
- हुलाक सेवा विभाग, डिल्लीबजार
- मुद्रण विभाग, सिंहदरवार
- सूचना प्रविधि विभाग, अनामनगर
- प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम
- नेपाल दूरसञ्चार प्राधिकरण, कमलादी
- सुरक्षण मुद्रण विकास समिति, सिंहदरवार
- नेपाल टेलिभिजन, सिंहदरवार
- रेडियो नेपाल, सिंहदरवार
- गोरखापत्र संस्थान, धर्मपथ
- नेपाल दुरसञ्चार कम्पनी लि.,भद्रकाली
- चलचित्र विकास वोर्ड, चावहिल
- राष्ट्रिय समाचार समिति, भद्रकाली
- न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चारग्राम
- राष्ट्रिय सूचना प्रविधि केन्द्र, सिंहदरवार
- प्रमाणीकरण नियन्त्रकको कार्यालय, अनामनगर ।

**मिति २०७५।०४।१३**